# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

☎०७८-४१०१२७
४१०१२८

चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३


प.सं. २०७९/०८०
च.नं.

मिति २०७९/०६/२६

गहुँको उन्नत बीउ वितरण सम्बन्धी सूचना ।
(प्रथम पटक सूचना प्रकाशित मिति:२०७९/०५/२७)

यस मध्यविन्दु नगरपालिका कृषि विकास शाखाको आ.व २०७९/०८० मा संघिय सरकारबाट प्राप्त खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदानको वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुचिकृत गहुँको उन्नत बीउ वितरण गर्नुपर्ने भएकोले इच्छुक कृषक,कृषक समूह,कृषि सहकारीहरुले मिति २०७९ असोज २३ गते भित्र तपशिलमा उल्लेखित कागजातहरु सहित वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

१. निवेदन ।
२. लालपुर्जाको प्रतिलिपि वा भाडामा लिएको भए सम्झौता पत्र तथा ऐलानी भए वडा कार्यालयले प्रमाणित गरि राख्ने ।
३. नागरिकताको प्रतिलिपि ।

थप जानकारीको लागि : कृषि विकास शाखा-९७४५९१८६६७

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

## गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा उन्नत बीउको प्रयोगमा मूल्य अनुदानका लागि अनलाइन आवेदन तथा माग, आपूर्ति विवरण पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९ भाद्र २४ गते शुक्रबार)

संघ, प्रदेश तथा स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरीय बीउ बिजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** बमोजिम चालु आर्थिक वर्ष २०७९/८० मा सङ्घीय शसर्त बजेट मार्फत् कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय)बाट संचालन हुने गहुँको उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान कार्यक्रम तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु मार्फत् संचालन हुने उन्नत बीउ प्रयोगकर्ता कृषकहरुलाई गहुँको उन्नत बीउमा ५० प्रतिशत मूल्य अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहले subsidy.sqcc.gov.np वेभसाइट मार्फत् वा www.sqcc.gov.np मा कार्यक्रम/प्रणाली (Program/System) अन्तरगत राखिएको **बीउ व्यवस्थापन प्रणाली (Seed Subsidy Management System)** मा गई देहाय बमोजिमका सर्तहरु तथा समय सिमा भित्र तोकिएका कागजातहरु अपलोड गरी **अनलाइन रजिष्ट्रेसन (यस अघि रजिष्ट्रेसन भएकाले लग इन गर्नुपर्ने)** भई उन्नत बीउ उत्पादकले उक्त प्रणालीको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान सम्भागमा** गहुँको उन्नत बीउ **आपूर्ति विवरण** तथा सम्बन्धित स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहमा कृषकहरुबाट माग भएको आवश्यक गहुँको उन्नत बीउको परीमाण **उन्नत बीउ प्रयोगमा मूल्य अनुदान सम्भागमा गई माग विवरण** प्रविष्ट गर्नुहुन सूचित गरिन्छ।

**सर्त/बन्देज तथा समय सिमा**

१. उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा मूल्य अनुदान उपलब्ध हुने गहुँका जात/मूल्य/प्रोत्साहन अनुदान देहाय बमोजिम हुनेछ :

| क्र स | कार्यक्रम | जात | उन्नत बीउको मूल्य (रु प्रति के.जी.) (अधिकतम्) | उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान (रु प्रति के.जी) | उन्नत बीउ प्रयोगकर्ता कृषकलाई उपलब्ध हुने मूल्य अनुदान (रु प्रति के.जी.) |
|---|---|---|---|---|---|
| १ | उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान तथा उन्नत बीउ बिजन प्रयोगमा मूल्य अनुदान | विजय, गौतम, वाणगंगा, एन.एल. ९७१, तिलोत्तमा, डब्लु.के. १२०४, वि.एल. ४३४१, आदित्य, जिङ्क गहुँ १, जिङ्क गहुँ २, बोर्लग २०२०, भृकुटी, स्वर्गद्वारी, धौलागिरी, डाँफे, पासाङ्ल्हामु, मुनाल, मुड्ले १, कौटिला, तिला, सुर्मा, भेरीगंगा, हिमगंगा, खुमलशक्ति र अच्युत। | ७२ | १० | यस तालिकामा उल्लेखित अधिकतम् मूल्य (रु ७२ प्रति के.जी.)का आधारमा निर्देशिकाको दफा १० उपदफा ५ को खण्ड (छ), (ज) तथा (झ) अनुसार कायम हुने मूल्यको ५०% |

२. मूल बीउ उत्पादनको अनुमति पत्र नलिएका र मूल वा प्रमाणित बीउ लगाई उन्नत बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक/कम्पनी/फर्मले मात्र उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन पाउने छन्।

३. गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवेदन गर्ने उन्नत बीउ उत्पादकले सर्तको १ नम्बर बुँदामा उल्लेख गरिएको अधिकतम् मूल्यमा (रु ७२ प्रति केजी) बीउ प्रशोधन, बीउ उपचार लगायतका बीउ उत्पादनका सबै सर्तहरु पुरा गरी गुणस्तरीय ट्यागिङ्ग, व्यागिङ्ग तथा लेवलिङ्ग भएको गहुँको उन्नत बीउ उपलब्ध गराउनु पर्नेछ।

४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा बीउ माग गर्ने स्थानीय तहले Digitally Enabled Seed Management System (DESES) बाट तयार गरेको वासलात बमोजिम अनिवार्य रुपमा बीउको आपूर्ति तथा वितरण गर्नुपर्नेछ।

५. रजिष्ट्रेसन/लगइन प्रारम्भ मिति: २०७९ भाद्र २४ गते

६. रजिष्ट्रेसन/लगइन समाप्त हुने मिति: २०७९ आश्विन १४ गते

७. सम्बन्धित स्थानीय तहले उन्नत बीउ माग तथा उन्नत बीउ उत्पादकले आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मिति: २०७९ आश्विन २५ गते सम्म

८. अन्य शर्त तथा विस्तृत जानकारीका लागि www.moald.gov.np, www.sqcc.gov.np, www.doanepal.gov.np मा राखिएको बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ हेर्न सकिनेछ।

**थप जानकारीको लागि** : बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, ललितपुर : ०१-५४२१३५९, ९८४९२२६१७३, ९८५१२५४२७६, ९८४८२४७८६९, कृषि विभाग, हरिहरभवन, ललितपुर : ०१-५४२१३२३, ९८४७६९३५५४ तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु।

मध्यबिन्दु नगरपालिका
दर्ता नं.: ३२८
मिति: २०७९।५।२६